म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४३ बुधबार २० पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 4 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा राहदानीसम्बन्धी सम्पूर्ण सेवा स्थगित

हेटौंडा, १९ पुस/ मकवानपुरमा राहदानीसम्बन्धी सम्पूर्ण सेवा स्थगित भएको छ । राहदानी विभागको अनलाइन सर्भरमा समस्या भएको भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले राहदानीसम्बन्धी सम्पूर्ण सेवा स्थगित गरेको हो । मंगलबार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालयले राहदानीसम्बन्धी सेवा स्थगित गरिएको जनाएको छ । पछिल्लो समय राहदानी बनाउन सेवाग्राहीले अनलाइनमार्फत् समय लिनुपर्ने व्यवस्था गरिएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका कम्प्युटर अपरेटर आशीष पौडेलले राहदानी विभागले नै सर्भरमा समस्या भएर सेवा अवरुद्ध भएको भनी विज्ञप्ति जारी गरेपछि जिल्ला प्रशासन कार्यालयले पनि सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशित गरेको उल्लेख गरे । सर्भरमा देखिएको समस्या समाधान भएलगत्तै सेवा सुचारु हुने पौडेलको भनाइ छ । मकवानपुर जिल्लामा दैनिक एकसय ५० भन्दा बढीले राहदानी प्राप्तिका लागि अनलाइनमार्फत् आवदेन दिने गरेका छन् ।

# संघले स्विकृति नदिँदा सुरु भएन प्रदेश 'सिंहदरबार' निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ २०७२ मा संविधान जारी भएपछि बनेको प्रदेश संरचनाले दोस्रो कार्यकाल सुरु गरेको छ ।

२०७९ मंसिर ४ मा भएको निर्वाचनपछि प्रदेश संरचनाले दोस्रो कार्यकाल सुरु गरेको हो । तर, हालसम्म प्रदेशको कुनैपनि मन्त्रालय र कार्यालयहरुले आफ्नै स्थायी भवन पाएका छैनन् । तत्कालीन समयमा संघीय सरकार मातहतको विभिन्न कार्यालय र भाडाको भवनहरुबाट प्रदेशको मन्त्रालय तथा कार्यालयहरु सञ्चालन हुँदै आएका छन् ।




प्रदेशले पाँच वर्षको पहिलो कार्यकालमा आफ्नो लागि एउटा पनि स्थायी संरचना बनाउन नसकेको हो । प्रदेश सरकारले पाँच वर्षसम्म आफ्नो लागि संरचना बनाउन नसकेको भन्दै व्यापक बिरोध समेत हुँदै आएको छ । तर, बागमती प्रदेश सरकारले भने प्रादेशिक स्थायी संरचना बनाउन छनौट गरेको जग्गाको भोगचलन अधिकार संघीय सरकारले नदिँदा स्थायी संरचना बनाउन नसकेको बताइएको छ ।

बागमती प्रदेश सरकारले प्रदेशको 'सिंहदरबार' बनाउन जग्गा छनौट गरेर केन्द्र सरकारसँग स्वीकृति मागेको फागुनमा एक वर्ष पुग्दैछ । २०७८ फागुनमा प्रदेश सरकारले गठन गरेको प्रशासनिक भवन जग्गा पहिचान समितिले प्रदेशमातहतका मन्त्रालय तथा सम्पूर्ण कार्यालयहरूको स्थायी संरचना निर्माण गर्न जग्गा छनौट गरेर संघीय सरकारको स्वीकृतिका लागि पठाएको थियो । तर, १० महिना बितिसक्दा पनि केन्द्र सरकारले बागमती प्रदेशको 'सिंहदरबार' बनाउन छनौट गरेर पठाएको जग्गा भोगचलनको स्वीकृति दिएको छैन ।

गठबन्धन नेतृत्वको सरकारले आफ्ना लागि स्थायीरूपमा प्रादेशिक संरचना बनाउन जग्गा छनौट गर्दै केन्द्रसँग स्वीकृति मागेको थियो । प्रदेश प्रमुख सचिवको नेतृत्वमा गठन गरेको प्रशासनिक भवन जग्गा पहिचान समितिले जग्गा छनौट गरेको थियो । समितिको सिफारिसमा प्रदेश सरकारले मातहतका मन्त्रालय, विभाग, आयोग, सम्पूर्ण कार्यालय र आवास भवन स्थायीरूपमा निर्माण गर्न जग्गा छनौट गरेर भोगचलनका लागि अनुरोध गर्दै संघीय सरकारसमक्ष स्वीकृतिका लागि पठाएको थियो ।

कात्तिकमा कांग्रेस नेतृत्वको गठबन्धनले प्रदेशमा सत्तारोहण गरेपछि फागुनमा मन्त्रिस्तरीय निर्णय गर्दै मकवानपुरका विभिन्न ८ स्थानको जग्गा संरचना निर्माणका लागि केन्द्र सरकारसँग स्वीकृति माग्ने निर्णय गरेको थियो । प्रदेश सरकारले चालू आर्थिक वर्षको बजेटमा स्थायी संरचना निर्माण कार्यलाई प्राथमिकता दिने बताएको थियो ।

एमालेले साढे ३ वर्ष प्रदेश सरकारको नेतृत्व गर्दा पनि स्थायी संरचना निर्माण गर्न नसकेको भनेर आलोचना गर्दै आएका दलहरुले सरकारको नेतृत्व गरेलगत्तै स्थायी प्रादेशिक संरचना निर्माणलाई प्राथमिकता दिने बताएका थिए । प्रदेश सरकारले बजेटमा नै स्थायी संरचनालाई प्राथमिकता दिने बताए पनि छनौट भएका जग्गाको लागि केन्द्रबाट स्वीकृति नआउँदा स्थायी संरचना निर्माण कार्य सुरु हुन सकेको छैन ।

सरकारले हेटौंडाका ८ स्थानको गरेर कूल १९५ दशमलव २७ बिगाह जग्गा छनौट गरेको थियो । समितिले हेटौंडा उपमहानगर पालिका-१९ लेवटमा ८० बिगाह, वडा नम्बर १६ मा ५४ बिगाह, वडा नम्बर ६ चित्रेपानीमा २० देखि २५ बिगाह, वडा नम्बर ९ लामसुरे हाइटमा १५ बिगाह, वडा नम्बर १७ डिपोचौर हटियामा १२ बिगाह, वडा नम्बर ९ मा हेटौंडा सिमेन्टको स्वामित्वमा रहेको ५ बिगाह, हेटौंडा-भोर्लेमा २ दशमलब १३ र वडा नम्बर १७ हटियाको पश्चिम डिपोचौरमा २ दशमलव १४ बिगाह जग्गा छनौट गरेर संघीय सरकारसँग स्वीकृति मागेको थियो ।

समितिले छनौट गरेको यी जग्गा प्रदेशको राजधानी हेटौंडा बजारबाट एक घण्टाको दूरीसम्म पर्छ । मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेशको सबै संरचनालाई एकै स्थानमा निर्माण गरेर सिंहदरबारको स्वरुप दिने बताउने गरेका थिए । तर, सरकारले गरेको जग्गा छनौट हेर्दा प्रदेश सरकारमातहतको कार्यालयहरु धाउन हेटौंडा बजारबाट ८ तिर लाग्नुपर्ने भएको छ । समितिले छनौट गरेकै स्थानमा प्रादेशिक संरचना निर्माण गरिए हेटौंडा बजारबाट प्रदेश मातहतका कार्यालय जान घण्टौं लाग्ने छ ।

संघीय सरकारले जग्गा भोगचलनको स्वीकृति दिएसँगै प्रदेशको स्थायी संरचना निर्माण अघि बढाउने मुख्यमन्त्री पाण्डेको तयारी थियो । प्रदेश सरकारले प्रादेशिक संरचना तयार गर्न 'प्रदेश राजधानी पूर्वाधार विकास आयोजना' शीर्षकमा चालू आर्थिक वर्षमा ९७ करोड रुपैयाँ बजेट विनियोजनसमेत गरेको थियो । तर, संघीय सरकारले जग्गा भोग चलनको स्वीकृति नदिँदा प्रदेशले आफ्नो लागि स्थायी संरचना निर्माण गर्न सकेको छैन । जसले गर्दा राज्यको ढुकुटीबाट करौडौं रुपैयाँ प्रदेश मातहतका मन्त्रालय र कार्यालयहरूले घरभाडा खर्च गरिरहेका छन् । हाल काम चलाउ सरकारका प्रवक्ता तथा आन्तरिक मामिला एवं कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनाल प्रदेश अर्काले बनाइदिएको घरमा शरणार्थी जस्तो बनेर बसिरहेको बताउँछन् ।

'प्रदेशको आफ्नो स्थायी संरचना नहुँदा अहिले अर्काले बनाइदिएको भवनमा शरणार्थी जस्तो बनेर बस्न परेको छ', उनले भने 'कतिपय मन्त्रालय र प्रदेशको कार्यालयहरु भाडाको घरमा बस्दै आएको छ । हामिले छिटोभन्दा छिटो प्रदेशको आफ्नै स्थायी संरचना बनाउन जग्गा खोजेर केन्द्र सरकार सँग भोगचलनको स्वीकृति मागेका थियौं । तर, अहिलेसम्म स्वीकृति पाएको छैन ।' उनले केन्द्र सरकार बाट स्वीकृति नपाउँदा आफूले काम सुरु गर्न नसकेको बताए ।

प्रदेश सरकारले स्थायी संरचनाको लागि बजेटसमेत विनियोजन गरिसकेको अवस्थामा स्थायी संरचना निर्माणको लागि छनौट भएका जग्गाको भोगचलन अधिकार नपाउँदा काम गर्न नसकेको गुनासो गरे । केन्द्र सरकारको प्रदेशलाई हेर्ने दृष्टिकोण राम्रो नभएकाले प्रदेशको स्थायी संरचना निर्माणको लागि स्वीकृति दिने काम प्राथमिकतामा नपरेको उनको बुझाइ छ । उनले आफूहरुले छनौट गरेर पठाएको कतिपय जग्गाको कित्ता नम्बर नै नभएकोले केन्द्रबाट स्वीकृति आउन ढिलाइ भएको हुनसक्ने बताए ।

'कतिपय जग्गाको कित्ता नम्बर नै नभएकोले केन्द्रबाट स्वीकृति आउन ढिलाइ भएको पनि हुनसक्छ । तर, १० महिनासम्म स्वीकृति नआउनु भनेको केन्द्र सरकारले प्रदेशको सिंहदरबार निर्माणलाई प्राथमिकता नदिनु पनि हो', उनले भने । अब नयाँ प्रदेशसभा आइसकेको भन्दै नयाँ सरकारले सदनमा पनि छलफल गरेर यसलाई अगाडि बढाउनुपर्ने मन्त्री खनालको भनाइ छ ।

केन्द्रमा कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर एमालेको नेतृत्वमा नयाँ गठबन्धनको सरकार बनेको छ । संघमा आएको समीकरणसँगै बागमती प्रदेशमा पनि दलहरुको समीकरण फेरिएको छ । प्रदेशमा एमालेको नेतृत्वमा रहेको नयाँ गठबन्धनको सरकार बन्ने सम्भावना छ । एमालेले कांग्रेस नेतृत्वको गठबन्धनले छनौट गरेको जग्गाप्रति असन्तुष्टि जनाउँदै आएको छ । त्यसैले प्रदेशमा अब बन्ने सरकारले यहि जग्गामा प्रदेशको 'सिंहदरबार' कार्यलाई निरन्तरता दिन्छ दिँदैन अहिले भन्न सकिने अवस्था भने छैन ।

# मकवानपुरमा आयुर्वेदिक उपचारप्रति विश्वास बढ्को दाबी

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ आयुर्वेद स्वास्थ्य केन्द्रले मकवानपुरले सेवा प्रवाहबारे स्थानीय पत्रकारहरुसँग अन्तर्क्रिया गरेको छ ।



कार्यालयले प्रदान गर्दै आइरहेको सेवाका बारेमा जानकारी दिइएको थियो । कार्यालयले केन्द्रको आयुर्वेदिक सेवा प्रभावकारी बन्दै गएको दाबी गरेको छ । तर, पत्रकारहरुले सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जनमानसमा उपचारको विश्वास दिलाउनका लागि प्रमुख भूमिका खेल्न आग्रह गरेका छन् । पत्रकारहरुले आयुर्वेदिक उपचारमा आमबिरामीलाई विश्वास दिलाउनुपर्नेमा जोड दिएका थिए । आयुर्वेद स्वास्थ्य केन्द्रले भने आयुर्वेदिक उपचारमा विश्वास गरेर बिरामीहरु आउने क्रम निरन्तर बढिरहेको जनाएको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले आयुर्वेद औषधिको महत्व र प्रयोग विधिबारे जनतालाई स्पष्ट तरिकाले बुझाउनुपर्ने धारणा राखे । आयुर्वेदबारे संस्कृत भाषा उल्लेखित हुने भएकाले केही शब्द नबुझ्ने र प्रयोग गर्न पनि नजान्ने हुँदा यसलाई बुझ्ने भाषामा उल्लेख गर्नुपर्ने उनको भनाइ छ । स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका निर्देशक महेश्वर श्रेष्ठले आयुर्वेद औषधालयहरुलाई प्रभावकारी बनाउन उचित बजेट व्यवस्थापन गरिएको जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका-२, स्थित आयुर्वेद स्वास्थ्य केन्द्रले सेवाको प्रबर्द्धनका विषयमा जानकारी गराउनुका साथै पत्रकारहरुको सुझावसमेत संकलन गरेको थियो । केन्द्रकी प्रमुख आयुर्वेदिक चिकित्सक ललिता पाण्डेले केन्द्रमा धेरै खालका बिरामीको उपचार गरिने र औषधिसमेत वितरण गरिँदै आएको जानकारी दिइन् । विगतको तुलनामा बिरामीहरुको चाप बढेको र विश्वास पनि लिइरहेको उनले बताइन् ।

जिल्ला आयुर्वेदबाट हाल बहिरंग सेवा, नि:शुल्क परामर्श सेवा, स:शुल्क फार्मेसी सेवा, ल्याब, फिजियोथेरापी र ज्येष्ठ नागरिक सेवा प्रवाह गरिरहेको प्रमुख पाण्डेले जानकारी दिइन् । केन्द्रबाट अन्तरंग सेवा र योग हलको समस्या रहेको उनले बताइन् ।

आयुर्वेद स्वास्थ्य केन्द्रले स्थानीय तहहरु हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिका, गाउँपालिकाहरु बागमती, बकैया, मनहरी, राक्सिराङ र कैलाशमा सेवा प्रदान गरिरहेको छ । कार्यक्रम जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर व्यवस्थापन समिति अध्यक्ष मधु बजगाईको सभाध्यक्षमा भएको थियो ।

# कृषि प्रवर्द्धन मेला गर्दै राक्सिराङ

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ राक्सिराङ गाउँपालिकाले स्थानीय उत्पादको प्रबर्द्धन र बजारीकरणका लागि कृषि मेला गर्ने भएको छ । यसअघि थाहा नगरपालिकामा हुँदै आएको कृषि मेला राक्सिराङले पनि गर्ने भएको हो ।

कृषि उत्पादनको सम्भावना बोकेको थाहा नगरपालिका स्थित १ नम्बर वडाले हरेक वर्ष कृषि मेला गर्दै आइरहेको छ । राक्सिराङ गाउँपालिकाले पनि प्रत्येक महिनाको १ गते र १५ गते गरी महिनाको २ पटक कृषि मेला गर्ने भएको अध्यक्ष राजकुमार मल्लले जानकारी दिएका छन् । गाउँपालिका कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रममा महिनाको दुई पटक मेला गर्ने निर्णय गरिएको हो । कृषि मेला आगामी १५ माघबाट सुरु गर्ने तयारीमा गाउँपालिका लागेको गाउँपालिकाको उपाध्यक्ष बनस्तम् थिङले बताए ।

कृषि मेलामा स्थानीय स्तरमा उत्पादन भएका कृषि उत्पादनहरुलाई समेटिने भएको छ । स्थानीयरुपमा उत्पादन हुने अन्न बालीहरुलाई बजारीकरण गर्नका लागि गाउँपालिकाले स्थानीय उत्पादन प्रबर्द्धन एवम् बजारीकरणका लागि अन्तर्क्रिया कार्यक्रम गरेको हो । कृषि मेलाले स्थानीयमा कृषि उत्पादनबाट आर्थिक उपार्जन गर्न सकिने ज्ञान प्रदान हुने जनाइएको छ । राक्सिराङ गाँजा र अफिम खेतीका लागि प्रख्यात छ । राक्सिराङका सयौं युवाहरु लागूऔषध ओसारपसार मुद्दामा भीमफेदी कारागार रहेका छन् ।

गाउँपालिकाले अवैध गाँजा र अफिम खेती गर्नबाट गाउँबासीलाई मुक्त गराई कृषि उत्पादनमा प्रोत्साहन गर्न मेला आयोजना गर्ने योजना बनाएको हो । गाउँपालिकामा उत्पादन हुने, कोदो, मकै, तोरी, अदुवा, केरा, तकारीबाली, मह जस्ता विभिन्न कृषि उत्पादनलाई प्रबर्द्धन गर्दै बजारीकरण गर्न लागिएको हो । गाउँपालिकाभित्र उत्पादन हुने अन्य दलहन, तेलहन, नगदे, खाद्यबालीहरुलाई प्रबर्द्धन गर्दै बजारीकरण गर्दा आर्थिक विकास हुने विश्वास लिइएको छ ।

# ६ दलले छान्यो दलको नेता, समाजवादीको बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने ६ दलले संसदीय दलको नेता चयन गरेका छन् ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ दलमध्ये नेकपा एकीकृत समाजवादीबाहेकका ६ वटा दलले संसदीय दलको नेता चयन गरेको हो । नेकपा एकीकृत समाजवादीले भने हालसम्म दलको नेता चयन गरेको छैन । अबको केहि दिनमा संसदीय दलको बैठक बसेर दलको नेता चयन गर्ने समाजवादीका सांसद् कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए ।

७ जना सांसद् रहेको समाजवादीको दलको नेतामा खनाल नै चयन हुने सम्भावना देखिएको छ । समाजवादीबाट निर्वाचित प्रदेशसभा सदस्यहरुमा खनालबाहेक अरुले दाबी नगरेको जनाइएको छ । संसद्को अन्य साना दुई वटा दलले नेता चयन गरेका छन् । यसअघि संसद्को ठूला दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाले संसदीय दलको नेता चयन गरिसकेका छन् ।



हाम्रो नेपाली पार्टी र नेपाल मजदुर किसान पार्टीले प्रदेश संसदीय दलको नेता चयन गरेसँगै प्रदेश सभामा ६ दलले संसदीय दलको नेता चयन गरेका छन् । हाम्रो नेपाल पार्टीले बागमती प्रदेश संसदीय दलको नेतामा सर्वसम्मतरुपमा शैलेन्द्रमान बज्राचार्यलाई चयन गरेको छ । शनिबार काठमाडौंमा बसेको दलको बैठकले बज्राचार्यलाई प्रदेश संसदीय दलको नेतामा सर्वसम्मत चयन गरेको हो । बज्राचार्य, काठमाडौं निर्वाचन क्षेत्र नं. ८ को १ बाट प्रदेश सभामा निर्वाचित भएका हुन् । बागमती प्रदेश सभामा हाम्रो नेपाली पार्टीका दुई जना मात्र प्रदेश सांसद् छन् । एक जना प्रत्यक्षतर्फ र एक जना समानुपातिकबाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका हुन् । बज्राचार्यले हाम्रो नेपाली पार्टी अहिले तत्काल सरकारमा जाने र कस्लाई समर्थन गर्ने भनी छलफल भइनसकेको बताए ।

यस्तै, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले बागमती प्रदेश संसदीय दलको नेतामा सुरेन्द्रराज गोसाईलाई सर्वसम्मत रुपमा चयन गरेको छ । आइतबार काठमाडौंमा बसेको दलको बैठकले गोसाईलाई संसदीय दलको नेतामा चयन गरेको हो । गोसाई भक्तपुर निर्वाचन क्षेत्र १ को २ बाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए ।

# पालुङबाट वेवारिसे महिलाको उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको पालुङ बजारमा वर्षौंदेखि वेवारिसे अवस्थामा रहेकी एक महिलाको उद्दार गरिएको छ ।

थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको पहलमा एक वेवारिसे महिलालाई उद्दार गरी मानवसेवा आश्रम हेटौंडामा बुझाइएको हो । विगत ४ वर्षदेखि वडा नम्बर ३ को कार्यालय नजिक पार्टीमा बसी कष्टकर जीवनयापन गर्दै आएकी एक महिलाको उद्दार गरी मानवसेवा आश्रम हेटौंडामा मंगलबार बुझाइएको वडा अध्यक्ष रायमाझीले जानकारी दिए ।

करिब ६० वर्षीय महिलाको नाम, थर, परिवार केही थाहा नभएको र कहाँबाट आएको भन्ने पनि थाहा नभएकोले इलाका प्रहरी कार्यालय पालुङको सहयोगमा आश्रममा बुझाइएको उनले बताए । महिलाको उद्दारमा अध्यक्ष रायमाझी सहित मानवसेवा आश्रम हेटौंडाका प्रकाश पौडेल, इलाका प्रहरी कार्यालय पालुङ, वडा सदस्य कविता विष्ट लगायतले पहल गरेका थिए ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः
९८४५०२७०६४/९८५५०६८०३८

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्यााँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्यााँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विद्यालय तहमा कपाल स्वरुपमा एकरुपता आवश्यक

मानिसको सुन्दरतामा कपालको पनि विशेष महत्व हुन्छ । स्वस्थ्य चम्किलो कपालले व्यक्तित्वमा थप निखार ल्याउँछ । कपाल नरम र चम्किलो बनाउने चाहना सबैको हुन्छ । त्यसको लागि कपालको सरसफाईमा विशेष ध्यान दिनु पर्दछ । कपाल मानिसहरुले आफ्नो इच्छा र चाहना अनुसार लामो पाल्ने वा छोटो बनाएर काट्ने गर्दछन् । तर, नेपाली समाजमा कपाल हेरेर व्यक्तिहरुको आचरणबारे सहजै अनुमान लगाउने गरेको पाइन्छ । जस्तै, कपाल लामो पाल्नेहरु 'खराब' मनोवृत्तिका हुन्छन् भने छोटो कपाल राख्नेहरु 'असल' चरित्रका हुन्छन् भन्ने गरेको पाइन्छ । अपराध हुनु र नहुनुसंग कपालको लम्बाईले पक्कै असर गर्ने होइन । तर, नेपालमा अपराध गर्ने धेरैजस्तो व्यक्तिहरुको कपाल लामो हुने, फोहोर हुने, स्याहार नगरेको पाइने गरेको बताइन्छ । प्रहरी अनुसन्धानहरुमा अभियुक्त भनिएका व्यक्तिहरुको हुलिया पनि प्राय: त्यस्तै प्रकारको बढी पाइने गरेको छ ।

कपाल मानिसको सौन्दर्यसंग जोडिएको विषय पनि हो । शरीर र अनुहारको आकारप्रकारसंग मिल्दोजुल्दो शैलीमा कपाल काट्ने हो भने मानिसलाई सभ्य देखिन्छ । तर, भद्दा शैलीमा काटिएको कपालले न व्यक्तिलाई राम्रो देखिन्छ नत उस्को व्यक्तित्व नै उत्कृष्ट झल्किन्छ । विद्यालय जीवनमा न त झन् कपालको हेरचाह अत्यन्तै महत्वपूर्ण हुन्छ । कपाल स्वच्छ राख्न छोटो कपाल सजिलो हुन्छ । छोटो कपालको सफाई छिटोछरितो गर्न सकिन्छ । त्यसले विद्यार्थीको पढ्ने समय बचत हुन्छ । एकै प्रकारको कपालको स्वरुप बनाउन सके विद्यार्थीबीच कपाल सौन्दर्य प्रदर्शनमा पनि एकरुपता आउँछ । कपालकै कारण विद्यार्थीबीच प्रतिस्पर्धा हुँदैन । त्यसैले विद्यालय तहमा विद्यार्थीहरुको कपाल छोटो र कोरेर चिटिक्क पार्नुपर्ने नियम राख्दा उचित हुने देखिन्छ ।

केही दिनअघि मकवानपुरको भीमफेदी गाउँपालिकास्थित महेन्द्र माविमा अध्ययनरत् विद्यार्थीबीच झैझगडा भएको भन्दै ३५ जना विद्यार्थीको कपाल काटिदिएको खबर बाहिरिएको छ । सजायस्वरुप कपाल काटिएको यो नौलो घटना हो । यद्यपि, यसले नयाँ सन्देश पनि दिएको छ । कसैको इच्छाविपरित कपाल काट्नु मिल्दैनथ्यो होला तर, विद्यार्थीहरुले विभिन्न शैलीमा कपाल पालेर विद्यालय जानु पनि शोभनीय कार्य होइन भन्ने पनि बुझ्नु पर्दछ । त्यसैले सबै विद्यालयमा कपाल एकै स्वरुपमा काट्नुपर्ने नियम लगाउनु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २१ गते बिहीबार ५ जनवरी २०२३ । चर्तदशी पौस शुक्लपक्ष। पोहेलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्य सिद्धिमा विलम्ब | **तुला** | : व्यवसायमा विवाद |
| **वृष** | : परिवारमा कलह | **वृश्चिक** | : मानसिक अशान्ति |
| **मिथुन** | : यात्रामा बाधा | **धनु** | : कार्यमा ढिलाइ |
| **कर्कट** | : काममा सफलता हात पर्ने | **मकर** | : मांगलिक कार्य सम्पादन |
| **सिंह** | : अपजस पाइने | **कुम्भ** | : उपचारमा खर्च बढ्ने |
| **कन्या** | : बौद्धिक कार्यमा बाधा | **मीन** | : मानमर्यादाको वृद्धि |

# नयाँ सरकार सफलताका चार सूत्र



केशवप्रसाद भट्टराई

झण्डै डेढ दशक अगाडि नयाँ जोश र दृष्टिकोणसहित पहिलो पटक सत्तारोहण गरेका प्रचण्ड उनकै शब्दमा 'अहंकार' का कारणले सत्ताबाट विमुख मात्र भएनन्, जनताको अपार विश्वास पनि गुमाए । त्यो गुमेको विश्वासलाई जीवित बनाउन सायद यो उनका लागि अन्तिम अवसर हो ।उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो जस्ता हस्तीहरूलाई पछाडि पार्दै उदाएका सीके राउतलाई मधेशका जनताको मुहारमा परिवर्तन, उत्थान र पुनर्जागरणको आशा जगाउने चुनौती छ । उनको नेतृत्वमा विभिन्न समयमा भएका आन्दोलन, अभियान तथा घोषणाहरूमा जनमत पार्टीले मधेशमा रोजगारी सिर्जना गर्ने, विकासमा तीव्रता दिने जस्ता सपना बाँडेका थिए ।

ती सपनालाई पूर्णता दिन उनले चाहेकै मन्त्रालय पनि पाएका छन् । त्यसैले 'अब मधेशमा अरू दल र नेता भन्दा म फरक छु' भन्ने कुरा कर्मका माध्यमबाट सावित गर्नु नै सीके राउतको मुख्य चुनौती हो । त्यसैगरी सत्तामा पुगेको अर्को नयाँ शक्ति हो राष्ट्रिय स्वतन्त्र पार्टी । शासकीय प्रक्रियामा नयाँपनको आभास दिने, विदेशमा रहेका दक्ष मानव संसाधनलाई स्वदेश फर्कन वातावरण बनाउनेलगायत नवीनतम सपना बोकेको उक्त पार्टीसँग आफैंले सार्वजनिक रूपमा गरेका वाचाहरूलाई व्यावहारिक रूपमा जनताले आभास गर्ने गरी कार्यान्वयनमा ल्याउनुपर्ने चुनौती छ ।

आफूले रोजेको गृह मन्त्रालयको जिम्मेवारी पाएका रास्वपा अध्यक्ष रवि लामिछानेले चुनौतीलाई अवसरमा बदल्ने उपयुक्त मौका पाएका छन् । यी सबै नयाँ आशा र अवसर पाएका तुलनात्मक रूपमा साना दललाई काँध थापेको एमालेले पनि विगतका तुलनामा मतदाता गुमाएको अवस्था छ । त्यसैले गुम्दै गएको जनविश्वासलाई पुन: सही दिशामा ल्याउन एमालेका लागि पनि चुनौतीपूर्ण छ ।

यसरी जनतासामु आफूलाई अब्बल सावित गर्न पाएको अवसरलाई यी नयाँ जोश र आशा भएका दलले के गर्नुपर्ला ? समसामयिक सामाजिक तथा आर्थिक समस्याको समाधानका लागि अबका दिनमा सरकारका तर्फबाट कस्ता कार्यक्रम ल्याउनु उपयुक्त होला ? प्रस्तुत लेखमा सत्तारोहणपछि देशको आमूल परिवर्तनका लागि पाइला सार्न अवसर पाएका प्रचण्ड र उनको टिमले अबको दुई वर्षभित्रमा गर्न सक्ने मूलभूत कार्यहरूलाई प्रस्तुत गरिएको छ ।

***१. संस्थागत सुधारका लागि संरचनात्मक 'सिफ्ट'***

देश, अर्थतन्त्र तथा विकासका सन्दर्भमा सबै नवनियुक्त प्रधानमन्त्री र मन्त्रीहरूको एउटै धारणा हुने गर्छ-आर्थिक समृद्धि ल्याउने, सुशासन कायम गर्ने, पूर्वाधार विकासलाई तीव्रता दिने आदित्यादि । तर प्रत्येक सरकारले दिनहरू बिताउँदै जाँदा आर्थिक, सामाजिक तथा शासकीय क्षेत्रका सूचकहरूले खासै नयाँपनको आभास दिन सकेका हुँदैनन् । न्यून पूँजीगत खर्च, ठेकेदारको लापरबाही, बिचौलियाको नीतिगत तहमा हस्तक्षेप, असारे विकास, आयोजना कार्यान्वयनमा ढिलाइ आदि नेपालमा जुनसुकै सरकार आए पनि स्थायी रूपमा दोहोरिने प्रवृत्ति हुन् ।

वास्तवमा माथि भनिएका समस्याका केही प्रमुख कारणमध्ये वर्तमान नीतिगत व्यवस्था तथा मानव संसाधनको अक्षमता नै प्रमुख हो । तसर्थ तीव्र आर्थिक विकासको थालनी गर्न संरचनात्मक सिफ्टलाई सरकारले रणनीतिक रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।त्यसका लागि लगानी बोर्ड जस्तो संरचनालाई शक्तिशाली विकास प्राधिकरणका रूपमा विकास गरी नेपालमा हुने पूर्वाधार विकासलाई एकद्वार प्रणालीमार्फत अगाडि बढाउने संरचनाको निर्माण गर्न सकिन्छ । बाबुराम भट्टराई, सूर्यराज आचार्य वा अन्य दक्ष व्यक्तिको संयोजकत्वमा निर्माण गरिने त्यस्तो स्वायत्त संयन्त्रको मातहतमा पूर्वाधार विकासलाई अगाडि बढाउन आवश्यक नीतिगत व्यवस्था गर्न सके यो सरकार नेपालको विकास प्रक्रियामा कोसेढुंगा सावित हुन सक्छ ।

विद्युत् प्राधिकरणको नेतृत्वमा कुलमान घिसिङलाई स्थापित गरियो । कृषि औजार कारखानाको पुन: संचालनको जिम्मा आविष्कार केन्द्रलाई दिइयो । त्यसैगरी नेपालको अर्थतन्त्रमा महत्वपूर्ण रूपमा भूमिका खेल्न सक्ने सरकारी संस्थानहरूको संचालनको जिम्मा दक्ष व्यक्तिहरूलाई दिने नीतिगत व्यवस्था संरचनात्मक 'सिफ्ट'को अर्को महत्वपूर्ण पाटो बन्न सक्छ । तसर्थ सरकारले त्यतातर्फ ध्यान दिन आवश्यक छ ।

***२. प्राज्ञिक क्षेत्रमा आमूल परिवर्तन***

प्राज्ञिक क्षेत्रलाई राजनीतिक भर्तीकेन्द्रका रूपमा विकास गर्नु तथा पूर्णतया राजनीतिको छत्रछायाँमा राख्नु विगतका राजनीतिक दलले गरेको सबैभन्दा खराब अभ्याससमध्येको एउटा हो । सार्वजनिक विद्यालय तथा विश्वविद्यालयहरूमा प्राज्ञिक वातावरण नहुँदा हजारौं युवायुवती गुणस्तरीय शिक्षाको खोजीमा विदेशिन बाध्य छन् भने यही कारणले अरबौं पूँजी विदेश पलायन भइरहेको छ ।

देशका लागि आवश्यक पर्ने दक्ष मानव संसाधन उत्पादनका लागि खुलेका शैक्षिक केन्द्रहरूको पुनर्जागरणका लागि यो सरकारले महत्वपूर्ण भूमिका खेल्न सक्छ । शैक्षिक क्षेत्रलाई राजनीतिबाट टाढा राखी पूर्णतया स्वायत्त प्राज्ञिक थलोका रूपमा विकास गर्न प्रधानमन्त्री प्रचण्डको टिमले महत्वपूर्ण भूमिका खेल्न सक्छ । शैक्षिक क्षेत्रमा हुने सुधारका कार्यक्रमले देशको मात्र होइन, वर्तमान सरकारमा साझेदारका रूपमा आएका सम्पूर्ण दलको साख उच्च बनाउनेछ ।

***३. अर्थतन्त्रको संरचनामा आमूल परिवर्तन***

केही समय अगाडि श्रीलङ्कामा देखिएको आर्थिक मन्दीले नेपालको प्राज्ञिक तथा राजनीतिक क्षेत्रमा ठूलो बहस सिर्जना गर्‍यो । कतै नेपाल पनि श्रीलङ्काकै बाटोमा त छैन भन्ने प्रश्न विभिन्न कोणबाट उठ्यो ।श्रीलङ्काकै जस्तो अवस्था नभए पनि, नेपालको आर्थिक अवस्था त्यति सहज अवस्थामा देखिदैन । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, विलासिताका साथसाथै उपभोग्य वस्तुको आयातमा भएको वृद्धि, शैक्षिक गतिविधिका कारण देखिएको पूँजी पलायनलगायत कारणले विदेशी मुद्रामा संकुचन आयो ।

यो पृष्ठभूमिमा देशमा उत्पन्न तरलताको अभावलाई कम गर्न राष्ट्र बैंकले निक्षेप र कर्जाको व्याजदरमा वृद्धि गर्‍यो । तर एकातर्फ व्याजदर को वृद्धि, अर्कोतर्फ विलासिताका वस्तुको आयातमा प्रतिबन्ध जस्ता निर्णयले सरकारको आय मात्र कम गरेन, औद्योगिक र व्यावसायिक क्षेत्रको लगानी र रोजगारीमा पनि संकट थपिदियो । फलत: अर्थतन्त्रमा बहुपक्षीय संकटका संकेत देखापरिरहेका छन् ।

अहिले पनि सरकार अर्थतन्त्रमा देखिएका संकटहरूको समाधान सतही रूपमा गर्न खोजिरहेको देखिन्छ । वास्तवमा अर्थतन्त्रको सरल सैद्धान्तिक पक्ष भनेकै राज्यका सम्बन्धित सरोकारवालाको इच्छा, क्षमता, तत्परता तथा दक्षता अभिवृद्धि हो । त्यसका लागि राज्यसँग ठूलो आर्थिक स्रोत र भण्डार हुनु आवश्यक छ भने नागरिकसँग वस्तु तथा सेवाको उत्पादन र उपभोग सहज रूपमा गर्न सक्ने क्रयशक्ति मजबूत हुन आवश्यक हुन्छ ।त्यसका लागि राज्यसँग अर्थतन्त्र, सरल भाषामा भन्नु पर्दा पैसा धेरै हुनुपर्छ भने नागरिकसँग पैसा कम तर पैसाको क्रय गर्न सक्ने क्षमता धेरै हुनु आवश्यक हुन्छ । यसबाट नागरिकसँग भएको पैसाको मूल्य बढ्न पुग्छ भने सरकारले पनि उत्पादनशील क्षेत्रमा ठूलो स्तरमा लगानी गर्न सक्छ । यसले बजारमा तर लतालाई सामान्यीकृत गर्न सहयोग पुग्छ ।

तर नेपालको अवस्था ठ्याक्कै उल्टो छ । यहाँ सरकारसँग स्रोत साधन (पैसा) को सीमितता छ भने नागरिकसँग पैसा धेरै छ । यसको व्यापक प्रयोग अनौपचारिक तवरले हुने गर्दछ । एउटा सामान्य उदाहरणबाटै हेरौं न । एक व्यक्तिले जग्गा किन्दा हुने आर्थिक लेनदेन सरकारी मूल्यमा हुने गर्दछ जुन वास्तविक बजार मूल्य भन्दा ज्यादै कम हुनेगर्छ । बजार मूल्यमा प्रति आना ३० लाख पर्ने जग्गाको सरकारी मूल्य ठाउँ हेरी प्रति आना ५ लाखदेखि १० लाख हुनसक्छ । सरकारलाई कम कर तिर्नका लागि सरकारी मूल्यमा कारोबार देखाइए पनि जग्गा बिक्रेताले पाउने वास्तविक मूल्य तीन-चार गुणा नै बढी हुनसक्छ । सरकारलाई कर छल्न उसले आफ्नो वास्तविक आयलाई अनौपचारिक क्षेत्रमा संचय तथा लगानी गर्छ ।यो त एउटा उदाहरण मात्र भयो । वर्ड इकोनोमिक्स नामक लण्डनस्थित अनलाइन पोर्टलका अनुसार नेपालको कुल अर्थतन्त्रको ३३.२ प्रतिशत हिस्सा अवैधानिक रूपमा परिचालित छ । अर्थ मन्त्रालयको ड्यासबोर्ड तथ्याङ्क अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा करिब ४८ खर्ब हार हारी छ तर विभिन्न अध्ययनका अनुसार करिब ६२ खर्ब बराबरको अर्थतन्त्र चाहिं अनौपचारिक प्रकृतिको छ । त्यसो त नेपालको अनौपचारिक अर्थतन्त्रका बारेमा कमै मात्र अध्ययन भएको पाइन्छ । यस्तो अवस्थामा यदि राज्यसँग ठूलो इच्छाशक्ति छ र देशको अर्थतन्त्र सुधार्न कालजयी निर्णय लिनसक्ने क्षमता छ भने निकै नै 'बोल्ड निर्णय' गर्न अहिलेको मन्त्रिपरिषद् र वर्तमान प्रधानमन्त्री प्रचण्डले आँट गर्नुपर्छ । अनौपचारिक क्षेत्रमा लुकेर बसेको पैसालाई वैधानिक बैंकिङ प्रणालीमा जोड्न सक्नुपर्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अकुत सम्पत्ति थुपार्ने कालाबजारी र भ्रष्टाचारीहरूलाई लक्षित गर्दै ५०० र १००० का नोटमा प्रतिबन्ध लगाउने निर्णय गरेका थिए । हुन त उनको यो निर्णयले गरीब जनतालाई नै सबैभन्दा बढी असर पुर्‍यायो भन्ने कोणबाट पनि बहस भएको थियो । नेपालको सन्दर्भमा पनि अर्थतन्त्रको सबलीकरणका लागि सरकारले फराकिलो छाती बनाउन आवश्यक छ ।

***४. संघीयताको उच्चतम प्रयोग***

संघीयतामार्फत सिंहदरबारलाई जनताको आँगनमा पुर्‍याउने उद्घोष गरिएको भए पनि विगत पाँच वर्षमा संघीयताको सबलीकरणमा खासै ध्यान दिइएन । फलत: जनतामा संघीय शासन प्रणालीप्रति वितृष्णा बढ्दै गएको देखिन्छ । विश्वमा रहेका संघीयता अपनाएर सफल भएका देशहरूले दुई तहको शासकीय प्रणाली अवलम्बन गरेको देखिन्छ ।

तर नेपालमा तीन तहको शासकीय संरचना निर्माण गरिएको छ । जसका कारण अधिकारको बाँडफाँड र व्यावहारिक प्रयोगमा डुब्लिकेशन हुने गरेको छ । यी समस्याको निराकरण गरी प्रदेश संरचनाहरूको संस्थागत विकासमा यो सरकारले प्राथमिकताका साथ काम गर्नु आवश्यक छ । स्थानीय तहको हकमा, वर्तमान सरकारले प्रत्येक स्थानीय तहलाई आर्थिक केन्द्रका रूपमा विकास गर्न यसको संवैधानिक तथा कानुनी संरचनामा फेरबदल ल्याउन आवश्यक छ । वास्तवमा प्रत्येक स्थानीय तहलाई 'कर्पोरेट पालिका' को रूपमा विकास गर्न आवश्यक छ, जसले गर्दा स्थानीय तहलाई अर्थतन्त्र र रोजगार केन्द्रका रूपमा विकास गर्न सकियोस् ।

***निष्कर्ष***

माओवादी केन्द्रका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्रीले बारम्बार उच्चारण गरिरहने एउटा वाक्यांश हो- निरन्तरतामा क्रमभङ्गता । वास्तवमा निरन्तरतामा क्रमभङ्गताका लागि प्रचण्डलाई अनुकूल समय छ । नयाँ दलका युवा मन्त्रीहरूमा केही गरेर देखाउने चुनौतीका साथसाथै हुटहुटी छ भने प्रचण्ड आफैं पनि विद्रोहलाई नेतृत्व गरेर उदाएका नेता हुन् ।

त्यसैले उनले अग्रगामी परिवर्तनको योजनालाई सफलतापूर्वक निभाउन सक्नुपर्छ । यसबाट सत्ता साझेदार दलहरूको सुखद भविष्य मात्र सुनिश्चित हुँदैन, एउटा भुँइमान्छेको जीवनमा सहजता आउन थाल्छ ।

*साभार: अनलाइनखबर*

# कांग्रेसको सत्ता बहिर्गमन र लोकतन्त्रको भविष्य



ईश्वरीप्रसाद पोखरेल

गत मंसीर ४ गते भएको प्रतिनिधि सभाको चुनावमा नेपाली कांग्रेस सबैभन्दा बढी स्थानमा विजयी भएको छ । कांग्रेसले ९१ वटा क्षेत्रमा उम्मेदवारी दिएकोमा प्रत्यक्षतर्फ ५७ वटा र समानुपातिकमा ३२ गरी ८९ स्थान हासिल गरेर संसदको सबैभन्दा ठूलो दल बन्न पुग्यो । दोस्रोमा नेकपा (एमाले)ले प्रत्यक्षमा ४४ र समानुपातिकमा ३४ गरी ७८ स्थानमा विजयी भयो भने नेकपा (माओवादी केन्द्र) प्रत्यक्षमा १८ र समानुपातिकमा १४ गरी ३२ स्थानमा विजयी भएर तेस्रो ठूलो दल बन्यो । चौथो राष्ट्रिय स्वतन्त्र पार्टी प्रत्यक्षमा ७ तथा समानुपातिकमा १३ गरी २० स्थानमा, पाँचौं राष्ट्रिय प्रजातन्त्र पार्टी प्रत्यक्षमा ७ तथा समानुपातिकमा ७ गरी १४ स्थानमा विजयी भए ।

उत्ता मधेशकेन्द्रित दलहरू जसपाले प्रत्यक्षमा ७ र समानुपातिकमा ५ र लोसपाले प्रत्यक्षमा ४ स्थानमात्र पाएकोछ । लोसपाले समानुपातिकका लागि आवश्यक 'थ्रेस होल्ड' कटाउन सकेन । जनमत पार्टी प्रत्यक्षमा १ तथा समानुपातिकमा ५ गरी ६ स्थानमा विजयी भयो भने नेकपा (एकीकृत समाजवादी) प्रत्यक्षमा १० स्थानमा विजयी भयो तर 'थ्रेसहोल्ड' कटाउन सकेन । त्यसैगरी नागरिक उन्मुक्ति पार्टी प्रत्यक्षमा ३ तथा राष्ट्रिय जनमोर्चा र नेमकिपाले प्रत्यक्षमा एक एक स्थानमा तथा स्वतन्त्र ५ स्थानमा विजयी भए । अरू राजनीतिक दलभन्दा नेपाली कांग्रेसले सबैभन्दा बढी स्थानमा जितेकाले उसैको नेतृत्वमा सरकार गठन हुनुपर्ने हो । यस्तै विगत करिब डेढवर्षदेखि बनेको गठबन्धनकै नेतृत्वमा सरकार गठन हुनुपर्ने हो । सरकारको नेतृत्व कांग्रेसले नै गरिराखेको हुनाले उसैको नेतृत्वमा गठबन्धनका सबै दलले संयुक्त सरकार बनाउने अपेक्षा थियो । तर, त्यसविपरीत सरकार गठन भयो ।संसद्को तेस्रो दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन भएको छ । दाहालको प्रधानमन्त्रित्वमा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत, जसपा, नागरिक उन्मुक्ति ७ पार्टी र ३ जना स्वतन्त्रको समर्थन सरकारले पाएको छ । संसद्को सबभन्दा ठूलो दलका नेता शेरबहादुर देउवाको समर्थनविना धारा ७६(२) अनुसार दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा दाहाल प्रधानमन्त्री बने ।

कांग्रेस संसदीय दलका नेता देउवा हेरेकोहेर्यै भए । गठबन्धन सरकारको प्रमुख घटक माओवादी केन्द्र गठबन्धन छोडेर कतै जाँदैन भनेर भ्रम देउवामा देखियो । प्रधानमन्त्री आलोपालो बन्ने सहमति दुवै जनाबीच भए पनि पहिले को हुने भन्ने बारे टुङ्गो लागिसकेको थिएन । यसैले दाहाल र देउवा दुवैले आफू नै पहिलो प्रधानमन्त्री बन्ने अडान लिएका थिए ।

प्रधानमन्त्री नछाड्ने देउवाको हठबाट आजित दाहाल एमाले अध्यक्ष केपी ओलीसित साँठगाँठ गर्न पुगे । उत्ता ओली गठबन्धन टुटाउने र कांग्रेसलाई कमजोर गर्ने मौका खोज्दै थिए । ओलीको शरणमा पुगेपछि दाहालका नाममा सहमति जुटाएर सरकार गठन गरियो । त्यसो त, अघिल्लो दिनसम्म ओलीले देउवालाई आश्वस्त पार्दै रहेका थिए ।

पाँच वर्षअघि पनि ओली र दाहालबीच सरकारको नेतृत्व आधाआधा समय गर्ने सहमति भएको थियो । तर, ओलीले सहमतिमात्र होइन संसदै भङ्ग गरिदिए । संसद् विघटनविरुद्ध सर्वोच्च अदालतमा रिट परेपछि भएको फैसलाअनुसार २०७७ साल असार २८ गते शेरबहादुर देउवाले प्रधानमन्त्रित्वमा सरकार गठन भयो । माओवादी केन्द्र नेकपाबाट छुट्टियो भने एमाले फुटे। नेकपा (एकीकृत समाजवादी) बन्यो । जसपासमेतको गठबन्धनको देउवा सरकार करिब डेढ वर्ष चल्यो ।

यसैबीच स्थानीय, प्रदेश तथा प्रतिनिधि सभाको चुनाव भयो । गठबन्धनलाई प्रतिनिधि सभाको चुनावपछि पनि कायम राख्ने सहमति भएको थियो । तर, दाहाल र देउवा दुवैको सत्तालोलुपताका कारण सत्ता गठबन्धन टुट्यो । देउवाले बेलैमा बुद्धि नपुर्‍याउँदा संघदेखि प्रदेशसम्म सबै सत्ता कांग्रेसका हातबाट गुम्यो । यसबाट देउवाको मात्र खती भएन बरु समस्त कांग्रेस नै पराजित भए । लाखौं कार्यकर्ताको मनोबल खस्कियो । देउवाको निर्देशनमा कांग्रेसका कार्यकर्ताले गठबन्धनका घटक माओवादी केन्द्र, एकीकृत समाजवादी र लोसपालाई भोट खसाले । तर, तिनले कांग्रेसलाई भोट दिएनन् । कांग्रेसले गठबन्धन न गरी एक्लै चुनाव लडेको भए यसभन्दा बढी स्थानमा जित हासिल गर्न सक्थे । तर, देउवाको हठको अगाडि कांग्रेसभित्र कसैको केही चलेन ।

कांग्रेसभित्रको गुटलाई देउवाले व्यवस्थापन गर्न सकेनन् । संस्थापन इतरका नेता डा. शेखर कोइराला समूहका कार्यकर्तालाई बोलाई सर्वसम्मतिमा निर्णय गराउन सकेको भए कांग्रेसले सबभन्दा ठूलो पार्टी भएर पनि सत्ता गुमाउन पर्ने थिएन । सभापति देउवाले आफ्नो कोटरीका नेताहरुको मात्र कुरा सुनेर निर्णय गर्दा नै कांग्रेसले सत्ता गुमाउनु पर्‍यो ।

देउवा पक्षका नेताहरुको दाहाल प्रधानमन्त्री नपाए पनि गठबन्धन टुटाएर एमालेसित मिल्न नजाने विश्वास थियो । गए पनि एमालेले उनलाई प्रधानमन्त्री दिँदैन भन्ने ठान्थे । त्यसैले देउवा ओलीबाट ढुक्क थिए । देउवाले आन्तरिक कुरा बुझ्न आफना विश्वासपात्र विमलेन्द्र निधिलाई ओलीकहाँ पठाएका थिए । तर, राजनीतिका चतुर खेलाडी ओलीले निधिलाई सुइँकोसम्म पनि दिएनछन् । त्यसपछि त देउवाले दाहाललाई अलमल्याउन थाले । प्रतिनिधि सभामा सबभन्दा ठूलो दलको हैसियतले संविधानको धारा ७६ को उपधारा (३) अनुसार देउवा आफू नै प्रधानमन्त्री बन्नेमा ढुक्क थिए ।

संसदीय राजनीतिका नयाँ खेलाडी भए पनि राजनीतिक चतुर्याइँ र सत्ता राजनीतिमा दाहाल पनि कोहीभन्दा कम छैनन् । आफना विश्वासिला नेतामार्फत् ओलीसित सम्पर्कमै रहेछन् । ओलीको मनसाय बुझेपछि दाहाल बालकोट हानिए । राष्ट्रपतिले दिएको समय घर्किएन नपाउँदै एकै निमेषमै ओलीसित आलोपालोको सहमति गरी अन्य दलहरुसमेत १६८ जना संसदको समर्थन प्राप्त गरे । ओलीलाई कांग्रेसको गठबन्धन टुटाउनु थियो ।

**विचार, सिद्धान्त, मार्गदर्शन सबैमा विपरीत गठबन्धन गरेर कांग्रेसले आफैंलाई क्षति पुर्याएको छ । बीपी कोइराला भारत निर्वासनमा रहँदा पुष्पलालले संयुक्त मोर्चा बनाएर पंचायतविरुद्ध आन्दोलन गर्नसमेत मानेका थिएनन् । तर, उनका उत्तराधिकारीहरु भने पटकपटक कम्युनिस्टसित गठबन्धन गर्दै धोखा खाँदै आएका छन् ।**

त्यसै भयो । दाहालले देउवासितका सबै बाचा प्रधामन्त्री बन्ने लोभमा बिर्से । ओलीसँगका विगतको कटुता पनि बिर्से । राजनीतिमा कोही कसैको स्थायी शत्रु वा मित्र हुँदैन भन्ने भनाइ चरितार्थ भयो । तर, दाहालको चन्चल अस्थिर, भावुक तथा सत्तामुखी स्वभावले गर्दा पूर्णअवधि सत्तामा टिक्न सहज देखिँदैन । कुनै घटकले समर्थन फिर्ता लिए भने सरकार गिर्नेछ ।

कांग्रेसले कम्युनिस्टसित सत्ता गठबन्धन गर्नु नै गलत थियो । विचार, सिद्धान्त, मार्गदर्शन सबैमा विपरीत गठबन्धन गरेर कांग्रेसले आफैंलाई क्षति पुर्याएको छ । बीपी कोइराला भारत निर्वासनमा रहँदा पुष्पलालले संयुक्त मोर्चा बनाएर पंचायतविरुद्ध आन्दोलन गर्नसमेत मानेका थिएनन् । तर, उनका उत्तराधिकारीहरु भने पटकपटक कम्युनिस्टसित गठबन्धन गर्दै धोखा खाँदै आएका छन् ।

कांग्रेसकै नेतृत्वमा माओवादी जंगलबाट शान्ति प्रक्रियामा आएर संसदीय प्रतिस्पर्धाबाट सत्तामा पुगे । तर, ब्यालेटबाट सत्तामा पुगेका कम्युनिस्टहरुले वैदेशिक शक्तिको आडमा लोकतन्त्रमाथि धावा बोल्न पनि सक्छन् । सबै लोकतन्त्रवादी यसतर्फ सतर्क हुनु आवश्यक छ । *साभार: बाह्रखरी*

# बढ्दैछ रुघाखोकीका बिरामी, बेवास्ता गरे निमोनियाको जोखिम



काठमाडौं/रुघाखोकी र ज्वरोको समस्या देखिएपछि बालाजु बस्ने १७ वर्षका सन्तोष पन्तले केही दिन घरमै आराम गरे । तर, नाक बन्द हुने, मुखबाट सास फेनुपर्ने र खोकी लागेर स्वासप्रश्वासमै समस्या हुन थालेपछि उनी छाती रोग विशेषज्ञ डा. राजु पंगेनी कहाँ पुगे ।

'निरन्तर खोक्दा छाती बज्ने, हिँड्डुल गर्दा सास फर्ने गाह्रो हुने रहेछ', डा. पंगेनीले भने, 'ती बिरामीलाई साधारण औषधिले पनि काम नगरेर मुखबाट तान्ने औषधि दिनुपर्‍यो ।'

गोठाटार बस्ने २० बर्षीया रक्षा गौतमलाई पनि रुघाखोकी, ज्वरो, सुख्खा खोकी, घाँटी दुख्ने, शरीर र टाउको दुख्नेजस्ता समस्या देखियो । घरमै आराम गरेकी उनी पाँच दिनपछि सास फेर्नै गाह्रो हुने, लगातार खोकी लाग्ने र शरीर दुख्ने समस्या देखिएपछि सोमबार त्रिवि शिक्षण अस्पताल पुगिन् ।

शिक्षण अस्पतालका छाती रोग विशेषज्ञ डा. सन्तकुमार दास पछिल्ला दिनमा रुघाखोकीका बिरामी बढ्दै गएको बताउँछन् । 'कोरोनाकालमा मौसमी रुघाखोकीको रिपोर्टिङ र परीक्षण कम भएको थियो', डा. दासले भने, 'तर, अहिले रुघाखोकी भएका बिरामी बढ्दो क्रममा छ । समुदायमा फ्लु व्यापक रुपमा फैलिएको देखिन्छ ।'

मौसमी इन्फ्लुएन्जा एक किसिमको भाइरसको संक्रमण हो । इन्फ्लुएन्जालाई बोलिचालीको भाषामा 'फ्लु' भनेर चिनिन्छ । हुनत यो समयमा मौसमी फ्लु देखिनु सामान्य हो । चिकित्सकका अनुसार जाडोकोसमयमा फ्लुको संक्रमण बढी देखिने गरेको छ ।

पुस-माघ र असार-साउन गरी वर्षमा दुई पटक मौसमी फ्लुको समस्या बढी देखिन्छ । यो समयमा भाइरसको संक्रमण तीव्र गतिमा फैलिने हुँदा मानिसमा सर्ने दर पनि बढी हुन्छ ।

चिकित्सकका अनुसार यसको सबैभन्दा बढी असर दीर्घरोगी र ज्येष्ठ नागरिकमा हुन्छ । तर, हिजोआज युवा र बालबालिकामा रुघाखोकी लामो समयसम्म रहने र छाती निरन्तर घ्यारघ्यार हुने नयाँ समस्याका रुपमा देखिएको छ ।

'जाडो मौसममा प्रदुषणको मात्रा बढ्छ र हावा सुख्खा हुन्छ । यस्तो जुन श्वासप्रश्वासका लागि घातक मानिन्छ', छाती रोग विशेषज्ञ डा. पंगेनी भन्छन् ।

दुई हप्तायता रुघाखोकीका बिरामी अत्यधिक बढेको वीर अस्पतालका छाती तथा श्वासप्रश्वास रोग विशेषज्ञ डा. अशेष ढुंगाना बताउँछन् । यो समय मौसमी बिरामी देखिनु सामान्य भए पनि संख्या धेरै हुनु असामान्य भएको उनको भनाइ छ ।

'अहिले ओपीडीमा आउने दुई तिहाइ बिरामीमा रुघाखोकी र घ्यारघ्यार हुने समस्या देखिएको छ । पहिला एलर्जी हुने तथा श्वासप्रश्वास सम्बन्धी दीर्घ समस्या भएकालाई बढी असर गर्ने गरेको थियो', डा. ढुंगानाले भने, 'अहिले स्वस्थ र पहिला एलर्जी नभएको युवा र बालबालिकामा रुघाखोकी र छातीका समस्या देखिएका छन् ।'

हिजोआज वीर अस्पतालको अस्पतालको बहिरंग विभागमा दैनिक ५०-६० जना रुघाखोकीका बिरामी जँचाउन आउने गरेका छन् । उनका अनुसार स्वास्थ्य जाँच गराउन आउनेमा युवा र बालबालिकाको संख्या पनि धेरै छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. चुमनलाल दास चिसो मौसममा धेरै भाइरस फैलिने तर धेरै बिरामीले सामान्य रुपमा लिँदा जटिलता देखिएको बताउँछन् ।

**के हो फ्लु ?**

इन्फ्लुएन्जा ए समूहमा पर्ने स्पेनिस फ्लु पहिलो पटक सन् १९१८ मा देखा परेको थियो । यही भाइरसले स्वरुप परिवर्तन गरेर सन् २००९ मा स्वाइन फ्लुको रूप लिएको थियो । चिकित्सकहरुका अनुसार पछिल्लो समय मौसमी रुघाखोकीको इन्फ्लुएन्जा 'ए (एच १एन १) पीडीएम ०९' देखिएको छ । यसलाई बोलीचालीको भाषामा स्वाइन फ्लु र इन्फ्लुएन्जा 'ए- एच ३' देखिएको छरु ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार मौसमी रुघाखोकीको भाइरस 'ए', 'बी', 'सी' र 'डी' गरी चार प्रकारको हुने भए पनि मुख्य रूपमा महामारी भने इन्फ्लुएन्जा 'ए' र 'बी' भाइरसको कारणले फैलिने गर्छ ।

यी दुवैको भाइरस फैलिने तरिका एउटै किसिमको हुन्छ । यसको संक्रमण हुँदा अत्यधिक ज्वरो, रुघाखोकी, शरीर तथा जोर्नी दुख्नु, थकान महसुस हुनु, घाँटी खसखसाउनु, नाकबाट पानी बग्नु र श्वासप्रश्वासमा समस्या आउनु, आँखाको गेडी दुख्नु र बालबालिकालाई पखाला लाग्नेजस्ता लक्षण देखिन्छ ।

'ए' इन्फ्लुएन्जा महामारी जस्तै गरी फैलिन सक्ने भएपनि 'बी' भने एजत्तिको घातक नहुने सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् । स्वाइन फ्लु र हङकङ फ्लुजस्ता फ्लुले मानिसलाई सिकिस्त बनाउँछ । यी दुबै फ्लुको टाइप 'ए' अन्तर्गत पर्छन् ।

**अस्पताल कति बेला जाने ?**

ज्वरो आएको केही दिनसम्म निको नभए वा रुघाखोकीसँगै वान्ता, झाडापखाला, खाना नरुच्ने, सास फेर्न गाह्रो हुने लक्षण देखिए तुरुन्त डाक्टरसँग सल्लाह लिनुपर्छ । समयमा नै उपचार नगरे इन्फ्लुएन्जाको संक्रमणका कारण निमोनिया भई बिरामीको ज्यान समेत जानसक्ने डा. पुन बताउँछन् ।

चिकित्सकहरूका अनुसार मौसमी रुघाखोकीको लक्षण सामान्यतया एक साताामा हराएर जान्छ । तर रोग प्रतिरोधात्मक क्षमता कम भएका बिरामीमा रुघाखोकीले पनि निमोनियाको रुप लिन सक्छ । बर्सेनि यस्तै रुघाखोकीले दीर्घरोगी, दम, मधुमेह, क्यान्सर र मिर्गौलाका बिरामी, गर्भवती तथा बालबालिकाको स्वास्थ्य जोखिममा परिरहेको हुन्छ ।

'एक सातापछि पनि रुघाखोकी ज्वरो, वान्ता हुनेजस्ता लक्षण निको नभए तुरुन्तै चिकित्सक कहाँ जानुपर्छ, नत्र निमोनिया हुने सम्भावना बढ्दै जान्छ', डा. पुनले भन्छन्, 'समयमै उपचार नपाउँदा बिरामीको मृत्युसमेत हुन्छ ।'

मौसमी रुघाखोकी लामो समयसम्म रहँदा पनि अस्पताल नगए निमोनिया हुन सक्ने त्रिवि शिक्षण अस्पतालका छाती रोग विशेषज्ञ डा. दास बताउँछन् । 'निमोनिया लगायतका कारण शरीरमा जटिलता देखिएर शरीरका अंगले काम नगर्ने (मल्टी अर्गान फेलर) भएर मानिसको मृत्यु समेत हुनसक्छ' उनी भन्छन् ।

रुघाखोकी लाग्दा झोलिलो खानेकुरा खाने र केही दिन घरमै आराम गरे ठीक हुन सक्छ । 'घर मै आराम गर्ने र गेडागुडी र झोल पदार्थ सेवन गरेमा संक्रमणको असर बिस्तारै कम हुँदै जान्छ', डा. पुन भन्छन् ।

मास्क लगाएर हिँड्न र रुघाखोकीबाट हुने संक्रमणबाट बच्न वर्षमा एकपटक खोप लगाउन चिकित्सकहरु सुझाव दिन्छन् । गर्भवती, दम, क्यान्सरको समस्या भएका व्यक्ति, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका, दीर्घरोगको समस्या भएका जस्ता व्यक्तिलाई खोपले फाइदा पुर्‍याउँछ ।

'उनीहरुको रोगसँग लड्ने क्षमता कम हुन्छ । त्यसकारण उनीहरुलाई वर्षमा एकपटक इन्फ्लुएन्जाको खोप लगाउन सकिन्छ । खोप लगाउँदा मौसमी रुघाखोकीबाट जोगिन र यदि लागिहाल्यो भने पनि धेरै जटिल असरलाई न्यूनीकरण गर्छ,' डा. पुनले भने । मौसमी फ्लु खोक्दा वा हाच्छ्यूँ गर्दा एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ । यस्ता फ्लु मौसम परिवर्तन हुने बेलामा देखिने हुँदा त्यस्तो बेलामा सतर्क हुनुपर्ने डा. पुन सुझाव दिन्छन् ।

**कसरी बच्ने ?**

१. भीडभाडमा नजाने
२. बिहान सकभर घरबाहिर नजाने
३. घरबाहिर निस्किदा मास्क प्रयोग गर्ने
४. आँखा, नाक र मुखमा हात नलैजाने
५. बालबालिका र दीर्घरोगीलाई न्यानोमा राख्ने
६. रुघाखोकी लागेका मानिससँग टाढा रहने
७. पोषिलो र झोल पदार्थ प्रशस्त खाने
८. इन्फ्लुएन्जाको खोप लगाउने

(स्रोत: अनलाइखबर)

# 'अन्तिम संस्कार' फिल्मलाई बुवाले दिएको अन्तिम उपहार मान्छन् विजय



काठमाडौं/नेपाल एयर लाइन्सका क्याप्टेन, सामाजिक अभियन्ता तथा अभिनेता विजय लामाले आफू अभिनीत फिल्म 'अन्तिम संस्कार' बुवाको अन्तिम संस्कार गरिरहेको समयमा साइन गरेकोले यो फिल्म आफ्नो लागि भावनात्मक हिसाबले एकदमै विशेष रहेको बताएका छन् । आफूलाई बुवाले फिल्ममा ल्याएको स्मरण गर्दै उनले संसारबाट विदा हुँदा पनि बुवाले आफूलाई फिल्म दिएर गएको बताए ।

उनी भन्छन्, 'यो फिल्मलाई बुवाले मलाई दिएको अन्तिम उपहार का रुपमा लिएको छु ।' उनले 'अन्तिम संस्कार' बन्दै आइरहेका फिल्मभन्दा फरक रहेको र निर्माता, निर्देशक एवं कलाकारहरुले निकै चुनौती मोलेर काम गरेकाले एउटा उत्कृष्ट फिल्म बनेको दाबी गरे । आफूले हरेक फिल्ममा केही फरक गर्न खोज्ने र 'अन्तिम संस्कार'मा त्यो कुरा पाएपछि काम गरेको लामाको भनाई छ ।

'कलाकार भएपछि केही फरक काम गर्नुपर्छ । केही चुनौती मोल्न सक्नुपर्छ,' उनले भने, 'यो खालको फिल्ममा काम गर्न जो-कोही कलाकारले आँट गर्न सक्दैनन् ।' उनले यो फिल्मका लागि २० केजी तौल घटाएका थिए । निर्माताले ठूलो चुनौती मोलेर फिल्मको निर्माण गरेको उनको बुझाई छ । 'अन्तिम संस्कार'लाई लण्डनमा फिल्म मेकिङ पढेर आएका प्रदीप शाहीले निर्देशन गरेका हुन् ।

हिमाल पारीको जिल्ला मुस्ताङमा माइनस डिग्री सेल्सिअसमा फिल्मको छायांकन भएको हो । साई प्रोडक्सन नेपालको ब्यानरमा ह्याम्साएर एकाउन्टेनको सहकार्य रहेको फिल्मको कार्यकारी निर्मातामा भाइराजा थापा, राजु कुमार गुरुङ, सुमन राई, उत्सव विष्ट, रबिन्द्र श्रेष्ठ छन् । विनोद सुवेदी क्षितिज निर्माता रहेको चलचित्र सामाजिक एवं सांस्कृतिक कथावस्तुमा निर्माण भएको हो ।

'मर्डर मिसयूज'को कथामा निर्माण भएको फिल्ममा विजय लामालाई धेरैवटा क्यारेक्टर मा पाउन सकिन्छ । बाबु श्रेष्ठको छायांकन रहेको फिल्ममा विजयका अलावा दीया पुन, एवनराज उप्रेती, त्रिचन्द्र राई, रेश्मा घिमिरे, विशाल पहारी, कृष्णभक्त महर्जन, श्याम राई, पासाङ्ग शेर्पा, दिग्गज खत्री, सुस्मिता गिरी, आईशा तामाङ, सुरज खालिङलगायतका कलाकार को पनि विशेष भूमिका छ ।

# यम बरालले 'तिमीलाई सम्झिँदा' नाममा फिल्म बनाउँदै



काठमाडौं/चर्चित गायक यम बरालको करिअरको सदाबहार गीत 'बादलुको घुम्टोले'को स्थायी शब्द 'तिमीलाई सम्झिँदा'माथि फिल्म निर्माण हुने भएको छ । गायक बराल स्वयंले फिल्मको निर्माण गर्न लागेका हुन् । लभस्टोरी कथामा बन्न लागेको फिल्मका लागि कलाकार र निर्देशकको टुंगो लाग्न बाँकी छ । फिल्मको कथा अनुसार नयाँ कलाकारको अभिनय रहने सम्भावना रहेको जानकारी प्राप्त छ ।

'बादलुको घुम्टोले' गीतको नयाँ संस्करण फिल्ममा समावेश गर्ने र त्यसमा गायक बराल आफैं देखिन सक्नेछन् । फिल्मलाई पहिला शिवम् अधिकारीले निर्देशन गर्ने निश्चित भएको थियो । चलचित्र विकास बोर्डमा नाम दर्ता गर्दा निर्देशकमा उनकै नाम थियो । तर, उनले अर्को एक फिल्मलाई समय दिनुपर्ने भएपछि निर्देशन गर्न नभ्याउने भएका छन् । फिल्मको पटकथा/संवाद भने उनकै हो ।

अमेरिकालाई कर्मथलो बनाएका डेभिड लाम्नासँग मिलेर बरालले फिल्म निर्माण गर्न लागेका हुन् । इलाम, झापा र अन्य पर्यटकीय स्थलमा फिल्मको छायांकन हुनेछ । 'बादलुको घुम्टोले'को म्यूजिक भिडियो समेत बनेको छैन । धेरैले यसको म्यूजिक भिडियो बनाउन सुझाव दिए पनि गायक बरालले भने फिल्म बनाउन लागेका हुन् । उनी यसअघि फिल्म 'भैरे'मा निर्माताको रुपमा थिए ।

एक समय नेपाली फिल्ममा पार्श्व गायकको रुपमा यमको सर्वाधिक खोजी हुने गर्थ्यो । उनले एक सयभन्दा बढी फिल्मका सुपरहिट गीतमा स्वर भरेका छन् । उनको परिचय गायक र निर्माताको रुपमा मात्र सीमित छैन, उनी कलाकार समेत हुन् । उनले 'मालती' र 'गुरु चेला' गरी दुई फिल्ममा अभिनय गरेका छन् । पछिल्लो समय उनी नेपालभन्दा बढी अमेरिकामा बसोबास गर्ने गरेका छन् ।

## पेलेबारे सुनिएका ७ मिथक :

# गोल हान्दा भाइ मरेकोदेखि दाहिने खुट्टा प्रतिबन्धसम्म



काठमाडौं/पेले नामले प्रख्यात ब्राजिलका महान फुटबलर एडसन अरान्टेस दो नासिमेन्तोको ८२ वर्षको उमेरमा शुक्रबार निधन भएको छ । पेले फुटबल इतिहासकै सबैभन्दा महान खेलाडी मानिन्छन् । सर्वाधिक तीनपटक विश्वकपको उपाधि जित्ने एकमात्र फुटबलर पेलेबारे धेरै मिथक सुनिन्थे । पेलेले सन् १९७७ पछि सक्रिय खेल जीवनबाट सन्यास लिएका थिए । पेलेले खेल्ने समयमा नेपालमा टेलिभिजन आइपुगेको थिएन । यसर्थ, उनले कस्तो खेल्थे भन्ने नै नेपालीलाई थाहा थिएन । खासगरी ८०-९० को दशकतिर उनीबारे विभिन्न मिथक सुन्न पाइन्थ्यो । जसमध्ये सात मिथक यस्ता थिए:

**१. गोल हान्दा भाइ मरेको**

यो ९० को दशकमा नेपालमा सुनिएको मिथक हो । त्यो बेला अहिलेजस्तो सञ्चारमाध्यमको पहुँच थिएन । न त गाउँघरमा टेलिभिजनकै पहुँच थियो । यस्तोमा गाउँघरमा पेलेका कहानी सुनिन्थे । त्योमध्ये एउटा थियो, पेलेले गोल हान्दा आफ्नै भाइ मरेको कथा । भनिने गरिन्थ्यो- पेलेको प्रहार यति शक्तिशाली थियो, उनको प्रहार छेक्ने क्रममा गोलकिपर रहेका उनका भाइको निधन भएको थियो । तर, यो खाली मिथकमात्र थियो सत्य थिएन भन्ने पुष्टि भइसकेको छ ।

**२. दाहिने खुट्टा प्रतिबन्ध**

पेलेमाथि अर्को मिथक उनको दाहिने खुट्टामाथि प्रतिबन्ध लगाइएको थियो भन्ने थियो । यस्तो हुनुमा दुईवटा किस्सा थिए । पहिलो- गोलकिपरको हात भाँचिदिएकाले उनको प्रहारले विपक्षी खेलाडी घाइते हुने वा मृत्युसम्म हुने डर । दोस्रो- दाहिने खुट्टाले हान्न दिएका सधैं उनको टोलीले जित्ने भएकाले खेल सन्तुलनमा ल्याउन सो खुट्टामाथि प्रतिबन्ध लगाइएको दाबी गरिन्थ्यो । तर, पेलेबारेको यो मिथक पनि सत्य नभएको अहिले पुष्टि भएको छ ।

**३. कर्नरमा सधै गोल**

पेलेबारेको अर्को मिथक थियो । उनले सधैं कर्नरमा सिधैं गोल गर्ने गर्छन् । यसैले विपक्षीहरू कर्नर हुनबाट जोगाउनलाई धेरै प्रयत्न गर्ने गर्थे । ताकि, पेलेले गोल गर्न नपाउन् । उनीबारेको यो मिथक पनि पुष्टि भए । तर तत्कालीन ब्राजिली टोली कर्नरमा गोल गर्न भने माहिर मानिने गरेको थियो । यद्यपि, त्यो सिधैं कर्नरबाट नभइ कर्नरबाट मुभ बनाएर थियो । यसरी गोल गर्नेमा पेले पनि पर्थे ।

**४. पेलेर खेल्ने भएर पेले**

गाउँघरमा पेलेको नामबारे पनि किस्सा आउँथ्यो । पेलेर खेल्ने गरेकाले पेले नाम राखिएको बताउने गरिएको थियो । खासमा त्यो सत्य नभएको अहिले थाहा भएको छ । गरिब परिवारमा जन्मिएका पेले सुरुवाती दिनमा खाली खुट्टाले फुटबल खेल्ने गर्थे । पोर्चुगिज भाषामा 'पेले' अर्थ खाली खुट्टाले खेल्ने भन्ने हुने रहेछ ।

**५. पेलेको खेल हेर्न विश्वयुद्ध रोकियो**

पेलेबारे अर्को मिथक थियो, उनको खेल हेर्न विश्वयुद्ध रोकिएको थियो । त्योबेला गाउँघरमा पेलेको खेल हेर्न भनेर विश्वयुद्ध गरि रहेका देशहरूले युद्ध नै रोकेका थिए भन्ने गरिन्थ्यो । तर, त्यसमा कुनै सत्यता नभएको अहिले पुष्टि हुन्छ । किनकि, दोस्रो विश्वयुद्ध सन् १९३९ देखि सुरु भएर १९४५ मा सकिएको थियो । जबकि, पेलेको जन्म नै १९४० मा भएको थियो । दोस्रो विश्वयुद्ध सुरु हुँदा उनी जन्मिएका पनि थिउनन् । उनले करिअर १९५६ मा मात्र सुरु गरेका थिए ।

**६. मोजाको गोल सडकमा छलाएर बाटो पार**

पेलेबारेको अर्को मिथक थियो, सडकमा मोजाको गोलले छलाएर सबै गाडी कटाएर सडक पार गरेको । ८०-९० को दशकतिर यो मिथक धेरै सुनिन्थ्यो । पेलेले मोजाको गोल सडकमा खेल्ने गरेको पुष्टि भए पनि पूरै सडकमा रहेर गाडी नै पार गरेको भने खाली 'किस्सा'मात्रै रहेको पाइएको छ ।

**७. पेलेले एक्लै खेलेर तीनवटा विश्वकप जिताए**

अर्को मिथक सुनिन्थ्यो, पेलेले एक्लो प्रयासमा ब्राजिललाई तीनवटा विश्वकप जिताए । उनी सम्मिलित टोलीले तीनवटा विश्वकप जिताएको हो । तर, उनी एक्लैको प्रयासमा यो सम्भव भएको होइन । किनकि, १९६२ को विश्वकपको समूह चरणमै पेले घाइते भएका थिए । यसर्थ, उनले नकआउट चरणका कुनै खेल खेलेनन् । उनीविनाको ब्राजिलल नै लगातार दोस्रो विश्वकप जितेको थियो ।

खास, पेले चम्किएको विश्वकप भनेको १९५८ को हो । जहाँ उनले क्वार्टरफाइनलमा एक, सेमिफाइनलमा तीन (ह्याट्रिक) तथा फाइनलमा दुई गोल गरेका थिए । १९७० को विश्वकपको फाइनलमा ब्राजिलले इटालीलाई ४-१ गोल अन्तरले हराउँदा पेलले एक गोल गरेका थिए । यो विश्वकपमा ब्राजिलले टिम गेम खेलेको थियो । पेले एक्लैले जिताएका थिएनन् ।

(स्रोत: नेपाल लाइभ)

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चलचित्र निर्माता संघले डाक्यो पुस २९ गते राष्ट्रिय भेला

काठमाडौं/आफ्ना मागबारे दबाब दिन चलचित्र निर्माता संघले पुस २९ गते काठमाडौंमा राष्ट्रिय भेला डाकेको छ ।

चलचित्र विकास बोर्डको हलमा देशभरका झण्डै ३०० जना फिल्म निर्माता भेला भएर आफूहरुका पेसागत समस्या राख्ने भएका हुन् । यस्तै वार्ताका लागि चलचित्र विकास बोर्ड, चलचित्र संघ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आफ्ना माग पेस गर्ने तयारी छ ।

चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले भेलाका सुझावलाई समेटेर बोर्ड र चलचित्र संघसँग वार्ता गर्ने बताए । 'हामी सुरुमा वार्ता र छलफलबाटै समस्या समाधान गर्न अघि बढ्छौं,' खड्काले भने, 'त्यसबाट माग पूरा भएन भने स्थिति हेरेर कठोर निर्णय लिनुपर्ने हुन्छ ।'

खड्काले भन्न खोजेको 'कठोर'को अर्थ आन्दोलनमा उत्रिनेतर्फको संकेत हो । पुस ६ गते चलचित्र संघले पनि राष्ट्रिय भेला बोलाएर माग पूरा गर्न चलचित्र विकास बोर्डलाई दबाब दिएको थियो ।

अध्यक्ष खड्काले राष्ट्रिय भेलामा फिल्म हलसँगका कुरा, निर्माताले पाउनुपर्ने 'पर्सेन्टेज' कम भएको, ट्रेलर बजाएको पैसा, सर्भरको चार्ज, बक्स अफिस पारदर्शी नभएको, सर्भर डाउनको बहानामा निर्माताले हिसाब नपाएको जस्ता कुरामाथि छलफल हुने बताए ।

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com



हेटौंडा उपमहानगरपालिका-१५, स्थित रातोमाटेमा तटबन्धनको काम सुरु गरिएको छ । तटबन्धन निर्माणका लागि तारजाली लगाउने कामको सुरुवात गरिएको वडा अध्यक्ष सुनिल मोक्तानले बताए । तटबन्धनको लागि वडा कार्यालयको ६ लाख बजेटमा काम सुरु भएको हो । सोमबार तारजालीमा ढुंगा भर्दै वडाध्यक्ष मोक्तानसहित वडा सदस्य तथा स्थानीयहरु । *तस्वीर: साझाकुरा*

# बकैयाका किसानलाई थुनेलो रोग नियन्त्रण गर्न सिकाइँदै




साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ बकैया गाउँपालिकाको दुग्ध उत्पादक कृषकहरुलाई थुनेलो रोग नियन्त्रण सम्बन्धी जानकारी प्रदान गरिएको छ ।

बागमती प्रदेश दुग्ध विकास बोर्डले स्थलगत रुपमा गाउँपालिकाको हात्तिसुँढेमा कार्यक्रम आयोजना गरेर थुनोलो रोगसम्बन्धी अभिमूखिकरण गरेको छ । दुग्ध उत्पादक कृषकहरुसहित सरोकार वालाहरुको उपस्थिति रहेको कार्यक्रममा किसानहरुको प्रमुख समस्या गाईभैंसीमा लाग्ने थुनेलो रोग भएको हुँदा थुनेलोले दुग्ध उत्पादनमा ह्रास आउने मात्र नभई पशुको मृत्युसमेत हुने गरेको जनाइएको छ । कार्यक्रमको अवसरमा बोर्डले थुनेलो नियन्त्रणका लागि टिट डिप कप, टिट डिपिङ केमिकल किसानहरुलाई हस्तान्तरण गरेको छ । बोर्डले पालिका र हात्तिसुँढे दुग्ध उत्पादक सहकारी संस्थालाई सीएमटी रिएजेन्ट र प्यान्डल वितरण गरेको थियो ।

बोर्डका निर्देशक डा. सजिना ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा पालिका उपाध्यक्ष भक्तबहादुर खत्रीको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा बोल्दै खत्रीले किसानमैत्री पालिका बकैयामा दुग्ध उत्पादकत्व बढाउन थुनेलोसम्बन्धी कार्यक्रम राख्नाले किसान खुशी भएको बताउँदै यस्ता क्रियाकलाप बढाउनसमेत आग्रह गरेका थिए ।

हात्तिसुँढे दुग्ध उत्पादक सहकारी संस्थाको अध्यक्ष तोयानाथ दाहालले किसालहरुले कतिपय रोग थाहा नपाउँदा पनि बाध्य भएर विभिन्न दु:ख पाउनु परेको बताए । प्रदेश दुग्ध विकास बोर्डका अधिकृत डा. उमेश थापाले सहजीकरण गरेको कार्यक्रममा गाउँपालिकाको कृषि अधिकृत अशोककुमार सिंह लगायतको उपस्थिति थियो ।

# गाउँपालिकाले मनहरी क्याम्पसलाई १५ लाख दिने

साझाकुरा संवाददाता



हेटौंडा, १९ पुस/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा रहेको मनहरी बहुमुखी क्याम्पसलाई स्थानीय सरकारले आर्थिक सहायता गर्ने भएको छ ।

आर्थिक समस्याका कारण अध्यापन गराउनै मुस्किल परेको मनहरी बहुमुखी क्याम्पसलाई मनहरी गाउँपालिकाले १५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भएको हो । क्याम्पसले केही समयअघि शिक्षकहरुलाई तलब खुवाउन नसकेर पठनपाठन नै रोक्नुपर्ने बाध्यता परेको थियो ।

जसकारण गाउँपालिकाले तलब भत्ता व्यवस्थापनका लागि भन्दै १५ लाख रुपैयाँ दिने कार्यपालिकाको बैठकले निर्णय गरेको छ । जनतासँग अध्यक्ष विकास कार्यक्रमबाट सातलाख ५० हजार र जनतासँग उपाध्यक्ष विकास कार्यक्रमबाट सातलाख ५० हजार गरी हाललाई १५ लाख रुपैयाँ उपलब्ध गराउने गरी व्यवस्था मिलाइएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिएका छन् ।

क्याम्पस प्रशासनका अनुसार शिक्षक र कर्मचारीको गरेर तलब भत्ता तथा अन्य खर्चहरु गरी २० लाख रुपैयाँ आवश्यक छ । नियमित पठनपाठन गराउन २० लाख रुपैयाँ जोहो गर्न क्याम्पस प्रशासन लागेको हो । क्याम्पस सञ्चालक समितिले आगामी २३ पुसमा क्याम्पससभा बोलाएको छ । सभाले अध्यक्षसहित अन्य सञ्चालक सदस्यहरुको चयन गर्नेछ । क्याम्पसलाई व्यवस्थापनमा कमजोर बनाउन सञ्चालक समिति नै दोषी रहेको अभिभावकहरुले आरोप लगाउँदै आएका छन् । सञ्चालक समितिले क्याम्पसको भविष्यबारे धेरै चासो नदिएको अभिभावकहरुको गुनासो छ ।

**हटाइएका बालमैत्री सहजकर्ता राख्ने**

नेपालकै पहिलो बालमैत्री गाउँपालिका रहेको मनहरीले यसअघि हटाइएका बालमैत्री सहजकर्तालाई पुन: काममा राख्ने तयारी गरेको छ ।

करिब एक वर्षअघि तत्कालीन गाउँपालिका नेतृत्वले पालिकाको आन्तरिक स्रोत कमजोर बनेको भन्दै बालमैत्री सहजकर्ता हटाएको थियो । बालमैत्री सहजकर्ताहरुले निरन्तर आन्दोलन गरेपनि गाउँपालिकाले गुनासो सम्बोधन गरेको थिएन । ज्यालादारी काममा लागिरहेका ९ वटै वडाका बालमैत्री सहजकर्ताहरु हटाएको थियो । वर्तमान गाउँपालिका नेतृत्वले भने तत्कालका लागि २ जना बालमैत्री सहजकर्तालाई भर्ना गर्न लागेको हो । गाउँपालिकाले कार्यपालिका बैठकबाट बालमैत्री सहजकर्ता भर्नाका लागि निर्णय गरेको छ ।

गाउँपालिकाले बालमैत्री सहजकर्ता ९ वटै वडामा तत्काल नराख्ने भएको छ । साविक हाँडीखोला र मनहरी गाविस हेर्ने गरी सहजकर्ताको पुन: भर्ना लिन लागिएको गाउँपालिकाले जनाएको छ ।

# मारवाडी युवाद्वारा खाद्यान्न वितरण

साझाकुरा संवाददाता




हेटौंडा, १९ पुस/ मारवाडी युवा मञ्च हेटौंडाले हाम्रो घर संस्थामा खाना खुवाउनुको साथै खाद्यान्न वितरण गरेको छ ।

नेपाल राष्ट्रिय मारवाडी युवा दिवसको सन्दर्भमा मञ्च हाम्रो घर संस्थामा खाना खुवाउनुको साथै खाद्यान्न वितरण गरेको हो । मंगलबार एक कार्यक्रमबीच हेटौंडा-५ मा रहेको हाम्रो घर संस्थाका आश्रितहरु चामल, चिउरा, तरकारी, विस्कुटलगायत खाद्यान्न सहयोग गरिएको हो ।

मारवाडी युवा मञ्च हेटौंडाका अध्यक्ष एवम् नेपाल मारवाडी युवा संगठनका क्षेत्रीय सभापति चिराग अग्रवालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा मारवाडी युवा मञ्च हेटौंडाका निवर्तमान अध्यक्ष एवम् केन्द्रीय सदस्य राहुल जालान, पूर्वअध्यक्ष अजय अग्रवाल, युवा मञ्च हेटौंडाका सल्लाहकार राजेश अग्रवाल, हाम्रो घर बालगृहका अध्यक्ष इन्दिरा डल्लाकोटी, मारवाडी एशोसिएसनका अध्यक्ष पवन अग्रवाल, सल्लाहकार दीपचन्द अग्रवाललगायतको आतिथ्यता थियो ।

मारवाडी युवा मञ्च अध्यक्ष चिराग अग्रवालले आगामी दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिँदै जाने बताए । हेटौंडा उपमहानगरपालिकाका उपमेयर बानियाँले सहयोगापेक्षी व्यक्तिहरुलाई आश्रय दिँदै आएको संघसंस्थालाई आवश्यक सहयोगका लागि उपमहानगरपालिका तयार रहेको बताए । सुन्दर, शान्त र सफा हेटौंडा उपमहानगरपालिका बनाउने अभियानमा साथ दिन उनले सबैलाई अनुरोध गरे ।

# १ सय ८० जना ज्येष्ठ नागरिकलाई न्यानो कपडा



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ थाहा नगरपालिकाले नगरभित्रका १२ वटै वडाका १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई एकै पटक न्यानो कपडा प्रदान गरेको छ ।

नगरपालिका महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक शाखाले ज्येष्ठ नागरिक सम्मान कार्यक्रममार्फत् सबै वडाका १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई सम्मानसहित न्यानो कपडा दिएको हो । प्रत्येक वडाबाट १५ जना ज्येष्ठ नागरिकहरुलाई ब्ल्याङ्केट, थर्मस र लौरो प्रदान गरिएको छ । नगरपालिकाको ज्येष्ठ नागरिक शाखा प्रमुख प्रतिमा मोक्तानले चिसो मौसममा सजन दैनिकीमा अप्ठेरो नहोस् भन्ने उद्देश्यले ज्येष्ठ नागरिकहरुलाई सम्मानसहित न्यानो कपडा सहयोग गरिएको बताइन् ।

थाहा नगरपालिकाले हरेक वर्ष ज्येष्ठ नागरिकहरुलाई सम्मानसँगै सहयोग पनि गर्दै आइरहेको मोक्तानले जानकारी दिएकी छन् । नगर प्रमुख विष्णुबहादुर विष्टले नागरिकहरुलाई कसरी खुशी दिन सकिन्छ त्यसतर्फ ध्यान दिन जरुरी रहेको र ज्येष्ठ नागरिकलाई ससम्मान बाँच्न पाउने अधिकारको रक्षा गर्नुपर्ने नगर पालिकाको दायित्वभित्र रहेर काम गरिएको बताए । 'उमेरमा श्रम खर्चने नागरिकलाई उमेर पुगेपछि बाँच्ने आधारको व्यवस्था राज्यले गर्नुपर्छ', विष्टले भनेका छन् ।

# शिवम् सिमेन्टद्वारा विद्यार्थीलाई न्यानो कपडा

साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ शिवम् सिमेन्टस् लिमिटेडले एक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ ।

शिवम्ले मंगलबार हेटौंडा-१७ स्थित बालबोध माध्यमिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको हो । विद्यालयमा अध्ययनरत् नर्सरीदेखि ६ कक्षासम्मका विद्यार्थीहरुलाई जाडोबाट बचाउनको लागि न्यानो कपडा स्वीटर वितरण गरेको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलबहादुर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा शिवम् सिमेन्टका प्रशासनिक प्रमुख विष्णु घिमिरे, प्रधानाध्यापक रमेश रिजाल, सहायक प्रधानाध्यापक दीपकलाल श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका सदस्य सुदीप अर्याल, रिता दाहाल लगायतको उपस्थिति थियो ।

आठौं राष्ट्रिय भेट्रान्स कप:

# हेटौंडा, सिमरा, जोरपाटी र पोखराको विजयी सुरुवात

साझाकुरा संवाददाता



हेटौंडा, १९ पुस/ हेटौंडामा आठौं संस्करणको राष्ट्रिय भेट्रान्स कप एट ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा भेट्रान्स क्लबको आयोजनामा हेटौंडा-५ स्थित क्याम्पा रंगशालामा भएको प्रतियोगितामा पहिलो दिन चार खेल सम्पन्न भएका छन् ।

प्रतियोगितामा सिमरा, जोरपाटी, हेटौंडा 'ए' र एबिसी भेट्रान्स पोखराले विजयी सुरुवात गरेका छन् । मंगलबार भएको पहिलो खेलमा हेटौंडाको पशुपति भेट्रान्सलाई सिमराले २-१ गोलले, दोस्रो खेलमा पूर्वी चितवन भेट्रान्सलाई जोरपाटी भेट्रान्सले ५-० गोलले हराएको हो ।

त्यस्तै तेस्रो खेलमा गोर्खा भेट्रान्स सर्लाहीलाई हेटौंडा भेट्रान्स 'ए'ले १-० गोल र अन्तिम खेलमा चितवन भेट्रान्सलाई एबिसी भेट्रान्स पोखराले टाइब्रेकरमा हराउँदै एबिसी भेट्रान्स पोखरा विजयी भएको हो । चितवन र पोखराबीच निर्धारित समय १-१ गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेको थियो ।

प्रतियोगिताको विजेताले एक लाख ११ हजार १११ तथा उपविजेताले ५५ हजार ५५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १५ हजार, प्रशिक्षक र विधागत उत्कृष्ट हुने खेलाडी नगद ५-५ हजार प्राप्त गर्नेछन् ।

# शिखर बचतको अध्यक्षमा रायमाझी



साझाकुरा संवाददाता

हेटौंडा, १९ पुस/ शिखर बचत तथा ऋण सहकारी संस्थाको १२ औं साधारणसभाबाट अध्यक्षमा मनोज रायमाझी निर्बिरोध चयन भएका छन् ।

सहकारीको साधारण सभाले संचालक समिति, लेखा समिति र ऋण उपसमितिका सदस्यहरु निर्बिरोध चयन गरेको छ । ४ वर्षीय कार्यकालका लागि उपाध्यक्षमा रामचन्द्र विष्ट, सचिवमा सहदेव ढकाल, कोषाध्यक्षमा निरज रायमाझी चयन गरेको छ । यसैगरी, सदस्यहरुमा बिनोद बस्नेत, उर्मिला गोपाली, नेत्र केसी र कृष्णा रायमाझी सर्वसम्मत चयन भएका छन् ।

सहकारीको लेखा समिति संयोजकमा लक्ष्मी कार्की, सदस्यमा ज्ञानेश्वर रायमाझी र विनोद बस्नेत चयन भएका छन् । ऋण उपसमिति संयोजकमा जयन्ती रायमाझी तथा सदस्यमा रमेश खड्का र निरज रायमाझी चुनिए ।

निर्वाचित कार्यसमिति सदस्यहरुलाई प्रमुख निर्वाचन अधिकृत कृष्णबहादुर विष्टले पद तथा गोपनीयताको शपथ खुवायका छन् । सहकारीले नवनिर्वाचित पदाधिकारीलाई स्वागत गर्दै निवर्तमान अध्यक्ष मधुसूदन विष्टलाई सम्मान गरेको थियो ।

# कैलाशसहित पाँच पालिका पिछडिएको क्षेत्र घोषणा

हेटौंडा, १९ पुस/ बागमती प्रदेश सरकारले प्रदेशभित्रका पाँच पालिकालाई पिछडिएको क्षेत्र घोषणा गरेको छ ।

प्रदेशका ११९ स्थानीय तहमध्ये मानव सूचकाङ्कका दृष्टिले सबैभन्दा पछाडि भएका पाँच पालिकालाई पिछडिएको क्षेत्र तोकिएको हो ।

बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले पिछडिएको क्षेत्र तोकेका पालिकामा धादिङ जिल्लाको रुवीभ्याली गाउँपालिका, सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिका, सिन्धुलीको घ्याङखोला गाउँपालिका, रसुवाको नौकुण्ड गाउँपालिका र मकवानपुरको कैलाश गाउँपालिका छन् ।

प्रदेश निजामती सेवा अध्यादेश २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७९ पदपूर्तिसम्बन्धी विशेष व्यवस्थाका लागि प्रदेश सरकारले प्रदेशका पाँच पालिकालाई पिछडिएको क्षेत्र तोकेको हो ।

प्रदेश सरकारले हरेक तीन वर्षमा मानव सूचकाङ्कमा सबैभन्दा पछाडि परेका पाँचवटा पालिका तोकेर प्रदेश राजपत्रमा प्रकाशित भएका पालिकाका उम्मेदवारबीच छुट्टै प्रतिस्पर्धा गराउने व्यवस्था अध्यादेशमा गरिएको छ ।

**साधारणसभामा उपस्थित हुनेबारे सूचना**

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार **चौधौं वार्षिक साधारणसभा** सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभाको पत्र पठाइसकिएको छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०७९ पुस ३० गते शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल
समय : बिहान ११ बजे ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौंडा-१ चौकीटोल**

**दाहाल बन्धुहरुमा हार्दिक आमन्त्रण !**

दाहाल प्रतिष्ठान बागमती प्रदेश समितिको दोश्रो प्रदेश अधिबेशन, मकवानपुर शाखा समितिको १० औं अधिबेशन एवं बृहत् बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रम यहि पौष २३ गते हेटौंडामा हुने भएकाले बागमती प्रदेश भरिका दाहाल तथा बत्स गोत्रीय बन्धुबान्धबहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।
**मिति :** २०७९ पौष २३ गते, शनिबार
**समय :** बिहान ७ बजे
**स्थान :** हेटौंडा ६, रामनगर, बिन्धबासिनी मन्दिर परिसर
सम्पर्क:-९८५५०७००१४

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**





कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।
*होम डेलिभरिको पनि व्यवस्था छ ।*
प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

**थप सुविधाका साथ हाम्रा सेवाहरू**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।
**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन न.:०५७-५२०३१५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना